म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ७१ | मंगलबार ०१ कात्तिक २०७९ | ने. सं. ११४२ कौलागा | 18 October, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रदेश प्रमुख शर्माद्वारा दुई वटा अध्यादेश जारी

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असोज/ बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले दुई वटा अध्यादेश जारी गरेका छन् ।

बागमती प्रदेशको मन्त्रिपरिषद् बैठकको सिफारिसको आधारमा प्रदेश प्रमुख शर्माले अध्यादेश जारि गरेका हुन् ।

प्रदेश प्रमुख शर्माले जारी गरेको अध्यादेशमा प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश र प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश रहेको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

प्रदेश प्रमुख शर्माले नेपालको संविधानको धारा २०२ को उपधारा १ बमोजिम बागमती प्रदेश सरकारले सिफारिस गरेको उक्त अध्यादेश जारी गरेका हुन् ।

# सुगम क्षेत्र खोज्दै गाउँबाट शहरमा बसाईंसराई



साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ मकवानपुरका १० वटा पालिका मध्ये हेटौडा उपमहानगरपालिका र मनहरी गाउँपालिकामा बसाइँ सरेर जाने भन्दा आउनेको संख्या बढी देखिएको छ । सुगम क्षेत्र खोज्दै गाउँबाट जिल्लाको शहरी क्षेत्रमा बसाइँ सर्नेको संख्या बढी देखिएको हो ।

बागमती प्रदेशको राजधानी हेटौडा उपमहानगरपालिकामा २०७८ सालमा मात्र बसाइँ सरेर १ हजार २ परिवारका ३ हजार ६८७ जना आएका छन् भने ५६० परिवारका १ हजार ९३४ जनाले मात्र उपमहानगरपालिका छोडेका छन् ।

२०७७ सालमा १ हजार ८५२ परिवार बसाइँ सरी आएका छन् भने ८ सय ४ परिवार बसाइँ सरी गएको तथ्यांक छ । यसैगरी २०७६ सालमा ४६० परिवार बसाइँ सरी आएका थिए भने २५० परिवार हेटौडाबाट अन्यत्र गएका थिए । बागमती प्रदेशको राजधानी भएका कारण पनि हेटौडा उपमहानगरपालिकामा बसाइँ सरेर आउनेको लहर बढेको छ । यता मकवानपुरको विकट भनेर चिनिने कैलाश गाउँपालिकाबाट बसाइँ सरेर जाने दर बढ्दो छ । सो पालिकामा २०७६ सालमा बसाइँ सरी जाने १०४ परिवारका २६३ जना थिए भने बसाइँ सरेर आउने ४ परिवारका जम्मा १४ जना मात्र थिए ।

यसैगरी २०७७ सालमा २०० सय परिवार पालिका बाहिर बसाइँ सरेर गएभने १७ परिवार कैलाश गाउँपालिकामा भित्रिएका थिए । यस्तै २०७८ सालमा २०७७ सालमा भन्दा कम बसाइँसराई भएको छ । गाउँपालिकाले उपलब्ध गराएको तथ्यांकअनुसार १०४ परिवारका ४१३ जना बसाइँ सरी गएभने १२ परिवारका ६८ जना बसाइँ सरी आएका छन् । यता मकवानपुरकै मनहरी गाउँपालिकामा हेटौडा उपमहानगरपालिकामा जस्तै बसाइँ सरेर आउने बढी देखिएको छ । मनहरीमा गएको ३ वर्षको तथ्यांक हेर्ने हो भने २०७६ सालमा ९२ परिवार पालिका बाहिर गएको देखिन्छ भने १४५ पालिकामा बसाइँ सरेर आएको देखिन्छ । २०७७ सालमा १९ परिवार गएको देखिन्छ भने ४५ परिवार आएको देखिएको छ । २०७८ सालमा २०९ परिवारका ८२९ जना बसाइँ सरी आएका छन् भने १२० परिवारका ४३४ जना बसाइँ सरी अन्यत्र गएका छन् ।

यता गाउँपालिका भएपनि मनहरीमा भने बसाइँ सरेर आउने दर उच्च रहेको छ । पूर्व पश्चिम राजमार्गमा पर्ने यो गाउँपालिकाको सिमानामा मकवानपुरका विकट कैलाश गाउँपालिका र राक्सिराङ्ग गाउँपालिकाका मानिसहरू प्राय बसाइँ सरेर आउने गरेका छन् । मकवानपुरको अर्को नगरपालिका थाहा नगरपालिकामा २०७६ सालमा १३ परिवार आएका थिए भने २७ परिवार बसाइँ सरी गएका थिए ।

२०७७ मा १९ परिवार बसाइँ सरेर आएका थिए भने ६३ परिवार बसाइँ सरी गएका थिए । यस्तै गएको वर्ष २०७८ मा ३६ परिवारका ११९ आए भने ७३ परिवारका २८९ जना बसाइँ सरी गएका छन् । यस्तै मकवानपुरको पुरानो सदरमुकाम भीमफेदीमा पनि बसाइँसराईको दर बढेको छ । २०७६ मा १८ परिवार बसाइँ सरी आए भने ८० परिवार बसाइँ सरी गएको देखिएको छ । यस्तै २०७७ सालमा १५ परिवार बसाइँ सरी आएको १९७ परिवार गएको र २०७८ मा २९ परिवार आएको र ९२ परिवार बसाइँ सरी गएका छन् । यसैगरी राक्सिराङ्ग गाउँपालिकामा २०७६ सालमा ७ परिवार बसाइँ सरी आएको देखिन्छ भने ८८ परिवार पालिका छोडेर अन्यत्र बसाइँ सरेको देखिएको छ ।

यसैगरी २०७७ सालमा ७ परिवार आएको र ४०५ परिवार गएको तथा २०७८ सालमा ११ परिवार पालिकामा बसाइँ सरी आए भने १६४ परिवार बसाइँ सरी गएका छन् । यस्तै मकवानपुरगढी गाउँपालिकामा ६३ जना बसाइँ सरी आएका छन् भने १४७ जना गएका छन्, २०७७ सालमा १२७ जना आएका र ५२६ जना गएको देखिएको छ भने २०७८ सालमा ४६० जना बसाइँ सरी गएका छन् भने १ हजार १२९ जना पालिकामा बसाइँ आएका छन् । इन्द्रसरोवर गाउँपालिकामा २०७७ सालमा एउटा परिवार पालिकामा बसाइँ सरेर आएको थियो भने १७ परिवार बसाइँ सरेर गएको थियो ।

२०७८ सालमा ८ परिवार बसाइँ सरी आएको छ भने ३१ परिवार बसाइँ सरेर अन्यत्र गएको छ । यसैगरी मकवानपुरको पूर्वी बकैया गाउँपालिकामा २०७६ सालमा १३४ परिवार बसाइँ सरेर आएका छन् भने १५२ परिवार बसाइँ सरेका छन् । २०७७ मा २९८ परिवार आएको र ३०४ परिवार गएको तथा २०७८ सालमा १३६ वटा परिवार बसाइँ सरेर आएको र २४१ वटा परिवार बसाइँ सरेर अन्तै गएका छन् । मकवानपुरकै पूर्व बागमती गाउँपालिकामा २०७६ मा २१ परिवार आएभने १३० परिवार बसाइँ सरेका छन् । २०७७ मा ३० परिवार बसाइँ सरेर आएका थिए भने २९२ परिवार बसाइँ सरेर गएको देखिन्छ र २०७८ सालमा ८८ परिवार आएका छन् भने १६१ परिवार बसाइँ सरेर गएका छन् त्यसो त ग्रामीण क्षेत्रमा बल्ल बल्ल सडक निर्माण हुने तर सम्भार नभएका कारण यातायात सहज पहुँच हुन नसक्दा पनि बसाइँसराइ बढेको हो ।

अहिले बस्ती पातलो हुँदै जाँदा बस्तीमा नै जंगली जनावर, चराचुरुङ्गीले समेत दुख दिने गरेपछि पनि बसाइँसराई बढेको पाइन्छ । विगतमा बाक्लो बस्ती भएको ठाउँमा अहिले घर खोज्दै हिँड्नु पर्ने अवस्था भएको छ । सुगम स्थानमा बसाइँ सर्दा सर्दै बाँकी रहेका घरहरू झण्डै झण्डै जंगलको बीचमा हुन पुगेको छ । ग्रामीण भेगबाट कतिपय सुविधा खोज्दै हेटौडा, काठमाडौं, चितवन गएका छन् भने कति अन्य टाढाका जिल्लाहरूमा समेत गएका छन् । धेरै जसो वैदेशिक रोजगारमा गएकाहरूले पनि आफ्नो परिवारलाई शहरमा सारेका छन् । छोराछोरीलाई पढाउने भन्दै कतिपय शहर पसेका छन् । गाउँ छाड्नुपर्ने बाध्यात्मक अवस्था नरहे पनि सुविधाको नाममा मानिसहरू बसाइँ सरिरहेका छन् ।

सुगम क्षेत्र अनि सहरी सुखभोग रोजेका कारण मकवानपुरका ग्रामीण बस्तीमा जनसंख्या क्रमशः पातलिँदै गएका छन् । ग्रामीण क्षेत्रमा विभिन्न सेवा सुविधाहरू पर्याप्त नभएपछि रित्तिने क्रम बढ्नु त स्वाभाविक नै हो तर सबै कुरा घर अगाडि नै आइपुगेका गाउँबाट समेत मानिस सहर पस्न थाल्नुको कारणचाहिँ यहाँ नीति निर्माताले पनि बुझ्न सकेका छैनन् ।

ग्रामीण क्षेत्रमा घनाजंगल नजिकै हुने र विभिन्न वन्यजन्तुका त्रास, शिक्षा, स्वास्थ्य, रोजगारी तथा यातायातको कठिनाइका कारण पनि शहर या सदरमुकाममा आकर्षण बढ्दै गएको देखिन्छ । पालिकाको बसाइँसराईको तथ्यांक हेर्दा शहरी क्षेत्रमा बसाइँ सरेर आउने दर उच्च देखिएको छ भने ग्रामीण क्षेत्रमा बसाइँ सरेर जाने अत्यन्तै कम देखिएको छ ।

# हेटौंडामा मनाइयो प्रहरी दिवस, मुख्यमन्त्रीको गुनासो



साझाकुरा संवाददाता

हेटौंडा, ३१ असोज/ बागमती प्रदेश प्रहरी कार्यालयले हेटौंडामा मनाएको ६७ औं प्रहरी दिवसमा बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले संघीय सरकारसँग गुनासो पोखेका छन् ।

पाण्डेले प्रदेश प्रहरी कार्यालय बागमतीमा समायोजन हुन नसकेको भन्दै गुनासो पोखे । संघीय सरकारले पाँच वर्षसम्म पनि प्रदेश सरकारलाई प्रदेश प्रहरी समायोजन गरेको थिएन् । देशका सातै वटै प्रदेशले प्रदेश समायोजनाका सम्बन्धमा संघीय सरकारलाई दबाब दिँदै आएका थिए । अन्य प्रदेशभन्दा बागमती प्रदेश संघीय सरकारबाट झन हेपाईमा परेको थियो ।

संविधान विपरित संघीय सरकारले उपत्यका (काठमाडौं, ललितपुर र भक्तपुर)को प्रहरी संघीय मातहत राखेको थियो । तर, संविधानले प्रदेशभित्र प्रहरी परिचालनमा प्रदेश सरकारलाई अधिकारी दिएको थियो ।

मुख्यमन्त्री पाण्डेले मुलुक संघीयतामा गएसँगै प्रहरी समायोजन हुन नसक्नु दुःखद् भएको बताए । उनले प्रदेश प्रहरी ऐन बनाए पनि काम गर्न नपाएको गुनासो गरेका हुन् । संघीयता कार्यान्वयनसँगै प्रहरी प्रदेश सरकार मातहत आउनुपर्ने उनको भनाई छ ।

प्रदेश सरकार छ तर प्रहरी छैन भन्दै पाण्डेले गुनासो पोखे । प्रहरीको उपस्थितिलाई सर्वसाधारणले राज्यको उपस्थितिको रुपमा लिने गरेको पाण्डेले बताए । उनले आफ्नो जिम्मेवारीप्रति प्रतिबद्ध रहन प्रहरी कर्मचारीलाई अनुरोध गरेका छन् । 'स्मार्ट पुलिस कन्ट्रोल रुम' बनाउन सहयोग गर्ने निर्णय प्रदेश सरकारले गरेको पाण्डेले जानकारी दिए ।

प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री कृष्णप्रसाद शर्मा खनालले प्रहरी सरकारको मेरुदण्डको रुपमा रहेको बताए । स्थानीय निर्वाचन जस्तै मंसिर ४ को निर्वाचन पनि स्वच्छ, शान्त र भयरहित वातावरणमा सम्पन्न गराउने गरी भूमिका खेल्न प्रहरी कर्मचारीलाई उनले अनुरोध गरे ।

बागमती प्रदेश प्रहरी कार्यालयकी प्रहरी नायव महानिरीक्षक किरण बज्राचार्यको सभाध्यक्षतामा भएको कार्यक्रममा मुख्यमन्त्री पाण्डे प्रमुख आतिथि थिए । पाण्डेले अमर प्रहरी स्मारकमा पुष्पहार अर्पण गरेका थिए । कार्यक्रममा उपस्थित सबैले अमर प्रहरी स्मारकमा माल्यार्पण गरेका थिए ।

उत्कृष्ट प्रदेश प्रहरी प्रमुखबाट प्रहरी नायब महानिरीक्षक बज्राचार्य, उत्कृष्ट प्रदेश प्रहरीबाट प्रहरी नायव उपरीक्षक मधुकुमार थापा र देशभरको उत्कृष्ट जिल्ला ट्राफिकमध्ये मकवानपुरका प्रमुख मुनेन्द्र थापा सम्मानित भएका छन् ।

# अख्तियार हेटौंडाद्वारा घुससहित एक नियन्त्रणमा



साझाकुरा संवाददाता

हेटौंडा, ३१ असोज/ अखितयार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाले घुस रकमसहित एक जनालाई नियन्त्रणमा लिएको छ ।

अखितयारले जिल्ला प्रशासन कार्यालय पर्सास्थित मुद्दा फाँटमा कार्यरत कम्प्युटर अपरेटर संजयप्रसाद यादवलाई घुस रकमसहित पक्राउ गरेको हो । रोक्का रहेको जग्गा फुकुवा गरिदिन सहजीकरण गर्न भनि सेवाग्राहीसँग घुस माग गरिरहेको भन्ने सूचना एवम् उजुरीका आधारमा अख्तियारको कार्यालयबाट खटिई गएको टोलीले निज कम्प्युटर अपरेटर संजय प्रसाद यादवलाई सेवाग्राहीसँग पाँच हजार रुपैयाँ घुस रकमसहित पक्राउ गरिएको अख्तियार हेटौंडाका सूचना अधिकारी विष्णु सापकोटाले जानकारी दिए ।


घुसवापतको रकम लिइसकेको अवस्थामा निज कार्यरत कार्यालयबाटै उक्त रकमसहित नियन्त्रणमा लिई अनुसन्धान भैरहेको सापकोटाले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

रोयल इन्फिल्डर्सको आधिकारिक बिक्रेता र सर्भिस सेन्टर अब हेटौंडाको
ॐ अटोमोबाइल्समा




शुभ दीपावली, नेपाल सम्वत तथा छठ पर्व-२०७९ को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग, व्यवसायीहरु, सहयोगी मित्रहरु, शुभचिन्तक एवम् समस्त देशबासीमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिबिस गोविन्द जोशी (प्रोप्राईटर)
सम्पर्क: ९८०१०८९१७४

नोट: असोज २ गतेदेखि सुविधा दिँदै आइरहेका छौं ।
हेटौंडा-४, मेनरोड (बैंक अफ काठमाडौं अगाडि

साझाकुरा

## हाम्रो कुरा

# रक्तदान-जीवनदान, महादान अभियानमा लागौं

रगतबिनाको जीवनको कल्पना पनि गर्न सकिँदैन । स्व-इच्छाले रगत दान गर्नुलाई नै रक्तदान भनिन्छ । आकस्मिक कारणले अकालमा ज्यान जान लागेको मानिसलाई बचाउने विकल्प रक्तदान नै हो । नेपालमा २००० सालदेखि रक्तदान कार्यको सुरुवात भएको इतिहास छ । समाजेवी दयावीरसिंह कंसाकार नेपालका पहिलो रक्तदाता हुन् । नेपालमा बर्सेनि करिब तीनलाख युनिट रगत चाहिन्छ तर, जहिल्यै अभावका समाचार आइरहेका हुन्छन् । बाढी, पहिरो र भूकम्पको समस्या तथा अनिच्छित गर्भधारण, गर्भपतन र सिजेरियन अप्रेसन पनि पहिलेको तुलनामा बढेकाले रगतको माग आकाशिएको पाइन्छ ।

विज्ञानले धेरै प्रगति गरेता पनि कृत्रिम तरिकाले रगत बनाउने सूत्र फेला पारेका छैनन् । ब्लड बैंकहरुले पनि आवश्यक मात्रामा सेवाग्राहीलाई रगत उपलब्ध गराउन सकिरहेका छैनन् । योग्य व्यक्तिहरुले पनि रक्तदान नगर्ने प्रवृतिले गर्दा देशमा रगतको चरम संकट परेको छ । रगतले शरीरभित्र पोषण, लवण, हर्मोन, भिटामिन, अक्सिजन, रोगसँग लड्ने एन्टिबडीसँगै कार्वनडाइअक्साइड, युरियाजस्ता विकार ओसार-पोसार गर्छ । रगतको रातो रक्तकणले अक्सिजन तथा कार्वनडाइअक्साइड यताउति गर्न, श्वेत रक्तकणले रोगसँग लड्न र प्लेटलेट्सले रगत जमाउने काम गर्छ ।

'रक्तदान जीवनदान, रक्तदान महादान' यी स्लोगन हामीले बारम्बार सुन्ने गरेका छौं । रक्तदानका लागि प्रेरित गर्न यी वाक्यांशले धेरै भूमिका पनि खेलेका होलान् । तर, रक्तदान गर्नु अघि केही कुरामा ध्यान पुऱ्याउनुपर्छ । स्वस्थ शरीर, मानसिक सन्तुलन ठीक, कम्तिमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको र कम्तिमा ४५ केजी तौल भएको, मलेरिया, क्षयरोग, जन्डिस, मधुमेय तथा एचआईभी एड्स नलागेका व्यक्ति रक्तदान गर्न सक्षम हुन्छन् । गर्भवती र महिनावारीको समयमा र सुत्केरी भएको ६ महिनाभन्दा अगाडि रक्तदान गर्नु हुँदैन ।

अधिक रक्तश्रावका बिरामी, प्रसुति, मुटु-मस्तिष्कलगायतको शल्यक्रिया र दुर्घटनामा परेकालाई बचाउन रगत अनिवार्य हुन्छ । थालासेमिया, ल्यूकेमियालगायतको रक्त क्यान्सर, हेमोफिलिया लगायतको रक्त क्यान्सर, हेमोफिलिया र रक्त अल्पताजस्ता समस्यामा तारन्तार रगत चाहिरहन्छ । यस्तोमा हाम्रो एक सहयोगले यस्ता कयौं मानिसको अमूल्य जीवन बच्छ । कतिपयले रक्तदान गर्दा कमजोर भइन्छ भन्ने ठान्छन् तर, वास्तविकता के हो भने पुरुषको शरीरलाई प्रतिकेजी ७६ एमएल र महिलाको शीररमा प्रतिकेजी ६६ एमएल रगत हुन्छ । तर, शरीर सञ्चालनका लागि चाहिने आवश्यक रगत ५० एमएल मात्रै हो । त्यसकारण पुरुष र महिलाको शरीरमा प्रतिकेजी क्रमश २६ र १६ एमएलका दरले रगत बढी हुन्छ । यही बढी भएको रगतमात्रै दान गर्ने हो । शरीरमा बढी भएको रगत दान गर्दा आफूलाई हानि नगर्ने र अर्कोको ज्यान बचाउन सकिने हुँदा यो अभियानमा सबैजना लाग्नु पर्दछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ कार्तिक ०२ गते बुधबार १९ अक्टोबर २०२२ । कात्तिक कृष्णपक्ष नवमी । कौलागा ११४२ ने.सं. । सूर्योदय ६:०६, सूर्यास्त ५:२९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्यमा कमजोरी हुनेछ | **तुला** | : चुनौतीहरु देखा पर्न सक्नेछ |
| **वृष** | : दाम्पत्य जीवन सुखद बन्नेछ | **वृश्चिक** | : व्यावसायिक काम बन्नेछ |
| **मिथुन** | : धार्मिक कार्यले फाइदा हुनेछ | **धनु** | : सहयोगीले असहयोग गर्नेछन् |
| **कर्कट** | : मन खिन्न बनाउन सक्छ | **मकर** | : समस्या दोहोरिन सक्नेछ |
| **सिंह** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **कुम्भ** | : घरेलु काममै अलमल हुनेछ |
| **कन्या** | : प्रेमको बन्धन कसिन सक्नेछ | **मीन** | : भूमिबाट लाभ लिने समय छ |

# 'छाया शक्ति'का खेलौनाहरूलाई बिदा गर्नैपर्छ



विनोद न्यौपाने

> मुलुकको स्वाभिमान बन्धक राख्न पछि नपर्ने नेतृत्वको बिदाइले मात्र राजनीतिमा विकल्पको बीजारोपण हुनेछ । अब सबै दलका शीर्ष भनिनेहरूलाई शंकाको सुविधा दिने अवस्था छैन ।

व्यवस्था सुहाउँदो गतिला नेता भएनन् भने नागरिकले दुःख पाउँछन् भन्ने उदाहरण खोज्न अन्यत्र जानु पर्दैन । स्वाभिमान पनि नभएका नेता भए भने मुलुकको अस्तित्वमा पनि आँच आउँदो रहेछ । झन् मुलुकले अपनाएको संसदीय व्यवस्थाप्रति आस्था र विश्वास छैन भन्नेहरू त्यही व्यवस्थामा ठेकेदार भएपछि के होला ? नेपालले त्यसको उदाहरण बन्ने योग्यता हासिल गरेको छ । नागरिकले सिद्धान्त, आदर्श र मूल्यको नभई स्वार्थ र लेनदेनको राजनीतिमा लिप्त नेतृत्वको खेलौना बन्न कतिन्जेल तयार हुने ? व्यवहारबाटै मूल्यको राजनीतिलाई तिलाञ्जलि दिइसकेका दललाई अब पनि राजनीतिक मान्ने ? सीमित व्यक्तिको कब्जामा रहेका दल कसरी राजनीतिक हुन सक्छन् ? नैतिकवान् र लोकतान्त्रिक बुद्धिजीवीलाई बाहिरै राखेर चलेका दलले परिणाम दिन्छन् भनेर अब पनि पत्याइरहने ? एउटै व्यक्तिले मुलुकभरका उम्मेदवार छान्ने प्रवृत्ति लोकतान्त्रिक हुन सक्छ ? दलबाट तीन दशकसम्म ठगिँदा पनि अझै तिनीहरूलाई नै मतदान गर्न तयार हुने ?

नेतृत्वका गलत प्रवृत्तिको आलोचनासहित सच्चा राजनीति गर्ने धेरै व्यक्तिले यसपालि टिकट पाएनन् । विवेकलाई किनबेचको वस्तु बनाइएपछि आउने परिणाम यस्तै हो । यो नेपाली राजनीतिको पहिचान नै बनिसकेको छ । द्रव्यको छायाले ओझेल पारेपछि निर्वाचनको सान्दर्भिकता, लोकतन्त्रको मर्म र मूल्य त गौण हुने नै भए ।

राजनीतिमा विचारधाराको त मृत्यु भई नै सकेको छ । विचारधाराको मृत्यु भएपछि राजनीतिक दलको अस्तित्व स्वाभाविक रूपमा समाप्त हुने नै भयो । द्रव्यमोहले थिचेपछि विचार धारा बिचरो बन्दो रहेछ । कथित 'जनगणतन्त्र'ले स्थापित गरेको भनिएको समानुपातिक निर्वाचन प्रणालीलाई आफन्तवाद र द्रव्यको छायाले स्वात्तै निलेपछि राजनीतिभित्र लोकतान्त्रिक संस्कार मृतप्राय: हुन्छ । यसले राजनीति पूरै संगठित गिरोहको प्रभावमा परेको संकेत गर्छ । गिरोहभित्र जो-जो प्रवेश गर्छ उसैको मात्रै उन्नति हुन्छ ।

अग्रगमनकारी, प्रतिगमनकारी, परमादेशी सरकार जे-जे भनिए पनि सबैलाई भुलाउने, झुलाउने, फँसाउने र आपसमा भिडाउने शक्ति त्यही गिरोहको वरिपरि केन्द्रित छ । राजनीतिमा पाइने आदर्श, मूल्य र सिद्धान्तलाई द्रव्यको माध्यमबाट त्यही गिरोहले वशीभूत पारिसक्यो । दलको विचारधारा, आदर्श, मुलुक र नागरिक त गौण विषय हुने नै भयो ।

मंसिरमा निर्वाचन हुँदै छ । हामी नागरिक कुन दललाई मतदान गर्ने भन्ने बहसमा मात्र केन्द्रित छौं । नेतृत्वपंक्ति भने विवेक बन्धकी राखेर जम्मा गरेको द्रव्य कुन माध्यमबाट कसरी जोगाउने भन्ने ध्याउन्नमा छ । हामी नागरिक भने निर्वाचनमा जसरी हुन्छ जितेर शक्ति आर्जन गर्न सके थुपारिएको द्रव्य संरक्षण गर्न सकिन्छ भन्नेहरूबाट समृद्ध मुलुकको कल्पना गरिरहेका छौं । त्यसो त, सर्वसाधारण व्यक्तिका रूपमा राजनीतिमा प्रवेश गरी आज यो ठाउँमा आइपुग्नेलाई ठूलो त्रास पनि छ- सत्ता फेरि आफूहरूको कब्जामा पार्न सकिएन भने हालत के होला ? किनकि यिनीहरूले कमाएको द्रव्यको तालाचाबी अर्कैको हातमा पुगिसकेको छ ।

नागरिकलाई उल्लु बनाएर विजय हासिल गरे पनि सत्ता हत्याउने अर्कै हुनेछ यिनीहरू त संयन्त्र मात्रै हुन् । शक्ति संरचना यिनीहरूको हातबाट बाहिर गइसकेको छ । यिनीहरूलाई जसले किन्यो उसले अब छाड्नेवाला छैन । त्यो छाया शक्ति जुन दलको नेतृत्वले सत्ता चलाए पनि राज्यप्रणालीमा हाबी हुनेछ । अब नागरिकले सुझबुझपूर्ण निर्णय गर्ने बेला आएको छ । त्यो छाया शक्तिबाट चलेकाहरूको संरक्षण गर्ने कि मुलुक र नागरिकको पक्षमा उभिने ? यसको फैसला मंसिर ४ गते गर्नुपर्छ ।

***को हो त त्यो छाया शक्ति ?***

छाया शक्ति भनेको बाहिर देखिँदैन, अदृश्य हुन्छ । उसले कानुन चिन्दैन । उसलाई भ्रष्टाचार लाग्दैन । दोषी पनि ठहरिँदैन । ऊ बाहिर निस्कन नसके पनि हरेक निर्णय प्रक्रियामा हाबी हुन्छ । अदृश्य भएकाले यसलाई नियम कानुन पनि लाग्दैन । निर्णय प्रक्रियामा अरूलाई नै उपयोग गर्छ । पञ्चायतकालमा यस्तो शक्तिलाई भूमिगत गिरोह भन्ने गरिन्थ्यो । ठूला भनिएका दलको नेतृत्व यही गिरोहको नियन्त्रणमा मात्रै छैन, उसको त्रासमा पनि छ । सत्तामा हालिमुहाली जारी राख्न सके यो गिरोहको साथ र सहयोग कायम रहने थियो भन्ने चिन्ता मात्र छ ।

शक्ति र द्रव्यकै कारण छाया र त्यसको त्रासमा रहेकाहरूबीच लडाइँ भए एउटा शक्ति समाप्त हुन्छ । किनकि छाया शक्तिलाई कानुनले चिन्दैन/देख्दैन । सकिने छायाको विकास गर्नेहरू नै हुन् । मंसिर ४ मा नागरिकले सुझबुझपूर्ण निर्णय गरेनन् भने हामी पनि जाने त्यही दिशातिर हो ।

भोलि देखिने सरकार र छाया सरकार दुवैलाई 'प्रोटेक्सन मनी' (संरक्षण शुल्कका रूपमा उठाइने कर) बुझाउनुपर्ने अवस्था आयो भने के होला ? यद्यपि हामी अहिलेसम्म त्यो अवस्थामा पुगिसकेका छैनौं । हामीले सुझबुझपूर्ण निर्णय गर्न सक्यौं भने त्यो अवस्थामा पुग्नुपर्ने छैन । मुलुक पूर्णरूपमा छाया (माफिया) सरकारको नियन्त्रणमा जानुअघि विवेकसम्मत निर्णय गर्नु आवश्यक छ ।

दलहरूमा निर्वाचित प्रतिनिधि बहुसंख्यक भए पनि नेतृत्वको हस्ताक्षरबाट मात्रै उम्मेदवारले टिकट पाउनुपर्ने अवस्था छ । कतै नेतृत्वको हस्ताक्षर छायाको निर्देशनमा त भइरहेको छैन ? यो अवस्थाको जानकारी नागरिकलाई शिक्षामात्र नभई चेतावनी पनि होस् भन्ने पंक्तिकारको अपेक्षा हो । किनकि मंसिर ४ गते हाम्रो विवेकको परीक्षा हुँदै छ । जुनसुकै गठबन्धनका नाममा भइरहेका दृश्य/अदृश्य अभ्यासभित्रैबाट पनि हामीले योग्य पात्र छनौट गर्न सक्नुपर्छ किनकि छाया शक्तिले नेतृत्वमार्फत आफ्नो शक्ति सञ्चय गरिरहेको छ ।

हालै भएको इटालीको निर्वाचनमा चरम दक्षिणपन्थी दल 'ब्रदर्स अफ इटाली विजयी भयो । दलकी नेतृ जर्जिया मेलोनी इतिहासमै पहिलो महिला प्रधानमन्त्री बनेकी छन् । दोस्रो विश्वयुद्धपछि इटालीमा पहिलोपटक चरम दक्षिणपन्थी दलले सरकारको नेतृत्व लिएको छ । मेलोनीले आफ्नो आदर्श बेनिटो मुसोलिनी भएको बताउँदै आएकी छन् । मुसोलिनीलाई आदर्श मान्ने मेलोनीले अब राष्ट्रियताको विकास गर्नुपर्छ, बाहिरका सबैलाई देशबाट लखेट्नुपर्ने धारणा सार्वजनिक गरेका खबर आएका छन् । इटालीमा रहेका विदेशीलाई लखेट्न खोजे युरोपियन युनियनको कानुन लाग्छ । मुलुकको बजेट घाटा तीन प्रतिशतभन्दा माथि लैजान पाइँदैन । ईयूको नियमअनुसार वित्तीय अनुशासनमा बस्नुपर्ने बाध्यता छ । यो अवस्थालाई ब्रदर्स अफ इटाली नामको पार्टी विजयी भयो भने समस्या आउन सक्छ है भनेर ईयूले इटालियनलाई सचेत गराएको थियो, तैपनि मेलोनीले जितिन् । उनको विजयमा छाया शक्तिको प्रभाव देखिन्छ ।

छाया शक्ति हाबी भए परम्परागत र वैधानिक शक्ति एक ठाउँमा बस्न सक्दैनन् । अन्तर्राष्ट्रिय मुभमेन्ट यसरी नै विकास हुँदै गएको छ । अमेरिकामा डोनाल्ड ट्रम्प फेरि शासनसत्तामा आउने कसरत गरिरहेका छन् । बेलायतमा लिज ट्रसको विजय र उनले हालै सार्वजनिक गरेको बजेट नीतिमा पनि छाया शक्तिको प्रभाव भएको आकलन गरिन्छ । व्यावसायिक संगठन बैंक अफ इंगल्यान्डकै हस्तक्षेपका कारण पाउन्डको मूल्य घटे पनि अर्थतन्त्र स्थिर छ । व्यावसायिक संगठन पनि छाया शक्तिको प्रभावमा गए भने ठूलो अर्थतन्त्र भनिएको मुलुक पनि टाट पल्टन सक्छन् ।

नेपालमा राष्ट्रबैंक, महालेखा परीक्षकको कार्यालयमात्र होइन सिंगो अदालत छाया शक्तिको नियन्त्रणमा गइसकेको पछिल्ला अभ्यासहरूबाट पुष्टि भइरहेको छ । ती संगठनका निर्णय प्रक्रियाले त्यही देखाउँछ । व्यावसायिक संगठन पूर्णरूपमा कसैको नियन्त्रणमा गए भने मुलुकको दुर्गति सुरु हुन्छ भन्ने विश्वकै उदाहरण नेपाल त हुने होइन ? यी सबै संगठनलाई छायाकरण गर्ने काम मनोरोगले ग्रस्त नेतृत्वको संस्कारहीन राजनीतिले गरिरहेको छ । निर्णय प्रक्रियामा एजेन्डा होइन, अंकगणित हाबी हुने जुन शैलीको विकास भएको छ त्यसले हाम्रो मौलिक पहिचान समाप्त पार्ने छ । मौलिक पहिचान नभएका, 'द राइज अफ आउटसाइडर' (बाहिर बसेका मान्छेको उदय) वा वैधानिक प्रणालीबाहिर रहेका मान्छेको सक्रियताबाट मुलुकको अस्तित्व पनि नामेट हुनेतर्फ ध्यान दिएर मंसिर ४ लाई उपयोग गर्नुपर्छ ।

नेपालमा मिडिया सशक्त भएको टिप्पणी गरिन्छ । मिडियाले दृश्य शक्तिको बारेमा लेखिरहेको छ । दलको नेतृत्व भ्रष्ट र स्खलित भयो । पटकपटक सत्तामा बसेर पनि मुलुक र नागरिक हितमा केही गर्न सकेन, फेरि तिनै व्यक्ति निर्वाचनको मैदानमा उभिएका छन् भनेर मिडियाले भनिरहेको छ तर स्खलित नेतृत्व 'सास छउन्जेल आस' भनेझैं जनसमक्ष गएर अन्तिम पटक भन्दै नागरिकलाई उल्लु बनाउने कसरत गरिरहेको छ । योभन्दा विडम्बना नेपाली राजनीतिमा के हुन सक्छ ? अदृश्य शक्तिबारे मिडियाले पनि लेख्न सकेको छैन ।

***छाया वा अदृश्य शक्ति कसरी हाबी भयो त ?***

नेपालमा हरेक दलका नेताको पृष्ठभूमि सर्वसाधारण हैसियतकै हो । चप्पल लगाएर राजधानी पसेको दलको सामान्य कार्यकर्ताको आजको हैसियत 'एलिट क्लास' स्टान्डर्डको छ । चप्पलबाट एलिट क्लासको हैसियतमा पुग्दा बीचको समयमा 'वैध वा अवैध' रूपमा आर्जन गरेको सम्पत्ति संरक्षणको मनोवैज्ञानिक असर परेको छ । अर्कोतिर एकैचोटी ह्वात्तै शक्तिमा पुगेर त्यसैको आडमा आर्जित प्रतिष्ठा जोगाउन पनि मुस्किल भयो । नेतृत्वबाट त्यसरी आर्जित सम्पत्ति प्रयोग गर्ने र प्रतिष्ठा संरक्षणमा भूमिका खेल्ने ठाउँ छाया शक्तिले पायो । त्यही आडमा ऊ खान्दानी बन्यो, जसको सम्पत्ति न कानुनले देख्न सक्छ न त त्यसलाई कसैले प्रश्न उठाउन नै सक्छ ।

हाम्रो राजनीतिक नेतृत्व त्यही छाया वा अदृश्य शक्तिको पन्जामा परेको छ । नवसिर्जित शक्ति, क्षमता र पैसा व्यवस्थापन गर्न कठिन भएकैले त्यसको व्यवस्थापन गर्ने जिम्मेवारी त्यही छाया शक्तिले पायो । जसको बलमा ऊ नेतृत्वमाथि सँधै हावी छ । सत्तालाई नागरिकहितमा उपयोग गरेको भए न शक्ति र पैसाले पिडा दिन्थ्यो न त छाया शक्तिकै उदय हुन्थ्यो ।

नेतृत्वमाथि छाया शक्तिको दबाब र प्रभाव रहेकै बेला निर्वाचन आएकाले राजनीतिक मूल्य प्रणालीको प्रसंग उठ्नु स्वाभाविक हो । मंसिर ४ लाई नेतृत्वले मृततुल्य बनाएको मूल्य प्रणाली रक्षामा उपयोग गर्नुपर्छ, शीर्ष भनिएका सबै दलको नेतृत्वको बिदाइ गरेर ।

राजनीति भनेको सत्ता, शक्ति र पैसा मात्र हो मूल्य, पद्धति, आदर्श र विचारधारा केही पनि होइन भन्ने मान्यता हावी भएको बेला हुने निर्वाचनमा मतदान गर्नुको कुनै अर्थ छैन भन्नेहरूको बाहुल्य छ । प्रजातन्त्रवादी र पूर्वज नेताका नाममा कायम रहेका आस्थाका मतदातामा यतिबेला द्विविधा छ-राजनीतिमा जोडिनुपर्ने सामाजिक शक्ति र त्यसले निर्माण गरेको चरित्र ओझेल परेको बेला मतदान किन र कसरी गर्ने ?

यति भनिसकेपछि विकल्प के त भन्ने प्रश्न उठ्ला । विचारधारा मरेको र निर्वाचनप्रति निराशा छाएको अवस्थामा हुने मतदानको पनि मूल्य हुन्छ । निराशाभित्र पनि केही आशाका त्यान्द्रा छन् । जुनसुकै दलको किन नहोस् योग्य र सक्षम व्यक्ति छानेर मतदान गरौं । अब बदलिने पालो हामी विवेकशील मतदाताको हो । मुलुकको स्वाभिमान बन्धक राख्न पछि नपर्ने नेतृत्वको बिदाइले मात्र राजनीतिमा विकल्पको बीजारोपण हुनेछ ।

अब सबै दलका शीर्ष भनिनेहरूलाई शंकाको सुविधा दिने अवस्था छैन । दलभित्रैबाट नयाँ सोच र ऊर्जासहितको नयाँ नेतृत्व निर्माण गर्ने दायित्व हामी नागरिकको हो । जसको अन्तिम परीक्षा मंसिर ४ मा हुनेछ । नागरिकलाई परीक्षामा फेल हुने छुट छैन ।

*-साभार: इकागज*

# फेरि पनि आफैँलाई ठग्ने कि मतपत्रद्वारा मौन क्रान्ति गर्ने ?



हरिविनोद अधिकारी

एकातिर आमनिर्वाचनको तयारी जोडतोडका साथ चलिरहेको छ, अर्कातिर निर्वाचनपछिको परिणामको आकलन गर्न थालिएको छ । हुन त कुनै क्रिया हुनै बाँकी रहेकै बेलामा त्यसको परिणामका बारेमा अनुमानमात्र गर्न सकिने हो । तर नेपालको संविधान २०७२ अनुसारको निर्वाचनले दिएका संघीय तथा प्रादेशिक संसद्हरूको ५ वर्षको व्यवहारको समीक्षाले देखाएको संकेतले भावी परिणामका बारेमा भन्न थालिएको हो- मुलुकको राजनीति गम्भीर अवस्थामा छ ।

आपसमा राष्ट्रिय एकताका पक्षमा समान विचार र समान धारणा नबनाई हुने आगामी निर्वाचनले मात्र उपचार दिन सक्ने छैन । परम्परागत दलीय व्यवहारभन्दा भिन्नै स्वरूपमा मुलुकको राजनीति डोहोरिएको देखिन्छ, जसको गन्तव्य स्पष्ट छैन । भावी परिणाम भयावहमात्र देखिन्छ, उज्यालो भविष्यको संकेत दिँदैन ।

अहिलेको हाम्रो शासकीय व्यवस्था भनेको संसदीय सर्वोच्चता भएको व्यवस्था हो । जसमा संसद्ले सरकार बनाउँछ, न्यायपालिकाको माथिल्लो तहमा संसदीय सुनुवाइपछि मात्र न्यायाधीश छानिन्छन्, संवैधानिक परिषद् छ, जहाँ निर्णय गर्नका लागि प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधिसभाका प्रमुख विपक्षी नेता, सभामुख, उपसभामुख र राष्ट्रियसभाका अध्यक्षको परिषद्ले प्रजातन्त्रका लागि आवश्यक अवयवहरूका प्रमुख र सदस्यहरू छान्छ र फेरि संसदीय समितिमा सुनुवाइका लागि पठाउँछ । त्यसले मात्र अन्तिम निर्णय गर्छ । प्रधानमन्त्री तथा मुख्यमन्त्री छान्ने काम प्रतिनिधिसभा र प्रदेशसभाहरूले गर्ने गर्छन् । तिनको प्रभावकारिता कस्तो रह्यो गत ५ वर्षमा ? समीक्षाले भन्छ- पदका लागि लुँछाचुँडी गरियो संविधानको छिद्रलाई प्रयोग गरेर ।

ऐन कानुन बन्ने कुरामा निष्प्रभावी रह्यो भन्दा फरक पर्दैन । जबकि २०७८ साल असार २८ गतेसम्म तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को करिब-करिब दुई तिहाइको मत प्राप्त गरेको प्रतिनिधिसभा थियो, प्रदेश २ बाहेक अन्य सबै प्रदेशमा नेकपाकै दुई तिहाइभन्दा बढीको मत लिएर प्रादेशिक सरकारहरू थिए । माथिल्लो सदनमा पनि दुई तिहाइभन्दा बढी मत थियो नेकपाको । के भयो ? आज के छ ? मात्र राजनीतिक अस्थिरता । अनि भावी निर्वाचनमा आउने परिणामले मुलुकलाई कस्तो स्थिरता देला भनेर कुनै संकेत देखिँदैन ।

निराशाको कुरा होइन । तर जुन-जुन गल्तीले हिजो निष्क्रिय राजतन्त्रले सक्रिय भएर हटाएको अञ्चलाधीश जस्तो पदको पुनर्स्थापना गरेर आफ्नो कब्जामा सम्पूर्ण नेपाली प्रशासन लिने गरी टाउको उठाउने समय पाएको थियो । २०६२-६३ सालको संयुक्त आन्दोलनमा अब ती गल्तीहरू नदोहोरिने क्षमावचनलाई मान्दै नेपाली जनताले सुधारिएको संसदीय व्यवस्था र समावेशी शासन व्यवस्थाका लागि अनुमोदन गरेका थिए ।

त्यसपछि संविधानसभाको निर्वाचनमार्फत् जनताको संविधान बनाउने काम भएको थियो । त्यसपछिका ५ वर्षमा भए-गरेका कामहरूले मुलुकको राजनीतिक स्थिरतामा भन्दा निहित स्वार्थ पूरा गर्ने कामले संसारमा अहिलेसम्मकै विशिष्ट व्यवस्था संसदीय व्यवस्थाले असफलता बेहोरेको देखिन्छ । व्यवस्थाको प्रणालीले होइन, प्रणालीका पात्रहरूका कारणले परिणाम नकारात्मक देखिएको हो र प्रमाणित तथ्यले भावी परिणामको आकलन गर्न बाध्य हुनुपरेको हो । मुलुक आमनिर्वाचनमा होमिँदासमेत जनतामा निर्वाचनप्रतिको जाँगर देखिँदैन । भावी परिणामका आधारमा अनुमान गर्ने हो जनताले कि मेरो भविष्यका बारेमा चिन्तित समूह या व्यक्ति अबको सरकार बनाउन आउँदै छ, त्यसैले मेरो भविष्य सुन्दर हुने छ, म र मेरा सन्तानको जीवन सुरक्षित हुने छ र भावी सन्ततिलाई एउटा सभ्य, विकसित र उज्ज्वल भविष्यसहितको देश जिम्मा लाग्ने छ भन्ने कुनै अपेक्षा दिन सक्ने खालको परिणाम सुदूर भविष्यमा समेत देखिँदैन- कम्तीमा पनि अहिलेका नेतृत्वहरूबाट ।

रातारात नयाँ नेतृत्व र नयाँ विचारका मानिसहरूले कम्तीमा पनि यसपटकको निर्वाचनमा जितेर सरकार बनाउने छैनन् भन्नेचाहिँ ठोकेर भन्न सक्ने अवस्था छ । तर प्रजातन्त्रमा परिवर्तन गर्ने त मौनक्रान्तिले नै हो । त्यो मौनक्रान्ति भनेको निर्वाचनमा योग्य उम्मेदवारको चयनले मात्र हो, जसले भोलिको शासनलाई जनताका पक्षमा अनुवाद गर्न सकोस् । यसो गर्दा एउटा आशाको ज्योति बल्ने हुन्छ- निर्वाचनमा योग्यले जित्ने अवस्थामा मात्र ।

अनि को योग्य ? को अयोग्य भन्ने कसी पनि छैन र पनि जनताले हेर्ने उसको बाचा हो, उसको बोली वचन हो, उसको व्यवहार हो । निष्छल, निष्कपट तर जनताको सेवाका लागि तत्पर नेतृत्वको कामना गर्ने हो र उसले कल्पना गरेको नेपालको अनुहारका बारेमा विश्वास गर्न सक्ने वातावरण बनाउने हो । आमनिर्वाचनमा होमिँदा, आम निर्वाचनका प्रक्रिया सुरु हुँदा पनि दिनको संकेत बिहानीले दिन सकेको छैन । यसले के हुन्छ भने जनतामा सबै उस्तै रहेछन्, जनतालाई ढाँटेर सत्तामा जसरी पनि पुग्नेमात्र ध्याउन्नमा जे पनि बोल्न सक्ने, जे पनि गर्न सक्ने र जसलाई जे भन्दा आफ्नो स्वार्थ पूरा हुन्छ, त्यसैको मात्र पछि लाग्नेहरूको जमात नै राजनीति गर्नेहरू हुन् भन्ने परेको छ । चाणक्य भन्थे रे- असल मानिस राजनीतिमा आएनन् भने खराबहरूले भए पनि ती ठाउँ भर्छन् । तर अहिले असल र कमसलको कुनै मापन नभएको परिवेशमा को त राजनीतिमा प्रवेश गर्ने भन्दा जसले कमसल हुने प्रमाणपत्र पाएका हुन्छन् र कमसलहरूसँगको सम्बन्ध बढाउँछन्, तिनकै हालीमुहाली हुने रहेछ भन्ने प्रमाणित हुन थालेको परिवेशमा राजनीतिमा कसरी असलेका प्रवेश हुन्छ र ?

मानौं असल मानिस पनि भेटियो रे, उसको आचरणले पक्कै पनि कसैको व्यक्तिगत आकांक्षा पूरा गर्ने छैन अनि उसले सधैंभरिका लागि राजनीतिमा पदार्पण गर्ने अवसर फेरि पाउने छैन । कुनै-कुनै स्वतन्त्र उम्मेदवारले निर्वाचन जितेर आए पनि उनीहरूले बहुमतको आडमा अरूको निर्णय लागू गर्न बाध्य भएको पाइन्छ । उदाहरणका लागि बलदेव मजगैञा भन्ने पात्रको उदाहरण लिन सकिन्छ । तत्कालीन अवस्थामा सचिवमा बढुवा भएर लोकमानसिंह कार्की जलस्रोत मन्त्रालयमा आए, मन्त्री थिए साहित्यकार तथा जेलनेल खपेर राजनीतिमा स्थापित भएका दाङका माननीय बलदेव मजगैञा ।

उनले मानेनन्- ती विवादास्पद सचिवसँग काम गर्न, जसको योग्यतामा नै शंका थियो । बढुवा हुँदा नै शंकास्पद तरिका देखिएको थियो । तर मन्त्री मजगैञाको मन्त्री पदबाट राजीनामा स्वीकार भयो, लोकमानलाई स्वीकार गरियो । अर्थात् प्रधानमन्त्रीका लागि ती सचिव जलस्रोत मन्त्रालयका लागि यति अपरिहार्य मानिए कि बरु इमानदार साहित्यकार मन्त्रीको पदलाई धरापमा पारेर अपमानित गरियो ।

त्यसको परिणाम आज पनि लोकमानसिंह कार्कीको अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट बहिर्गमनका बेलामा सर्वोच्च अदालतले दिएको परमादेशले स्पष्ट पारेको थियो कि उनी सचिव हुनै लायक रहेनछन् । झन् संवैधानिक परिषद्ले संवैधानिक आयोगको प्रमुख बनाएकामा कमी कमजोरी रहेछ ।

*-साभार: कोशी अनलाइन*

# ‘मारुनी’ले अमेरिकामा जित्यो उत्कृष्ट फिल्मको अवार्ड



काठमाडौं/ नवल नेपाल निर्देशित तथा पूनम गौतम निर्मित फिल्म ‘मारुनी’ले अमेरिकामा अवार्ड जितेको छ । अमेरिकाकी शहर कोलोराडोमा आयोजना भएको ‘पाँचौ एभरेष्ट नेपाली फिल्म अवार्ड’मा ‘मारुनी’ले उत्कृष्ट फिल्मको अवार्ड जित्न सफल भएको हो । उक्त अवार्ड थाप्नका लागि यसै साता निर्मात्री गौतम अमेरिका पुगेकी थिइन् । यो अवार्डले आफूलाई अझ हौसला थपेको पूनमको भनाई छ ।

उनले भनिन्, ‘हामी चाँडै अर्को फिल्म बनाउँदैछौं । जुरी, आयोजक र दर्शकबाट पाएको प्रतिक्रियाले काम गर्न थप जोश मिलेको छ ।’ ‘मारुनी’ समलिङ्गी प्रेमकथामा आधारित भएर निर्माण भएको थियो । समीक्षक र दर्शकलाई राम्रो प्रतिक्रिया पाएको फिल्मले घरेलू बजारमा व्यापार पनि सन्तोषजनक गरेको थियो । फिल्ममा पुष्प खड्का र साम्राज्ञी राज्यलक्ष्मी शाह मुख्य भूमिकामा थिए ।

पूनमले केही हप्ता अगाडि कुराकानीमा आफूले ‘मारुनी २’सहित दुई फिल्म बनाउन लागेको बताएकी थिइन् । उनका अनुसार, दुवै फिल्मलाई उनले नै निर्देशन गर्नेछिन् । यतिबेला दुवै फिल्मको स्क्रिप्टमा काम भइरहेको उनको भनाई थियो । अमेरिकाबाट फर्केपछि उनले दुईमध्ये एक फिल्मको घोषणा गर्दैछिन् । ‘मारुनी’ अघि उनले ‘अझै पनि’को निर्माण गरेकी थिइन् । -साभार: फिल्मीखबर

## “बोश”का उपकरण नेपाली बजारमा

काठमाडौं/ बिएसएच होम अप्लायन्सेसको ‘बोश’ ब्रान्ड नेपाली बजारमा सार्वजनिक भएको छ ।

लक्ष्मी इलेक्ट्रो टेक प्रा.लिसँगको साझेदारीमा बिएसएच होम अप्लायन्सेसले नेपालमा ‘बोश’ ब्रान्ड सार्वजनिक गरेको हो ।

बिएसएच होम अप्लायन्सेसले अबको दुई वर्षभित्र बोश ब्रान्डका घरेलु उपकरणहरूलाई बजारमा विस्तार गर्ने योजना राखेको कम्पनीले जनाएको छ ।

बोशका उच्च गुणस्थरीय रेफ्रिजरेटर (फ्रिज), वासिङ मेसिन, डिशवाशर, मिक्सर ग्राइन्डर भित्र्याएको छ । सबै उपकरण जर्मन प्रविधिमा आधारित रहेको कम्पनीले जनाएको छ ।

नेपालमा बोश ब्राण्ड भित्र्याउन पाउदाँ हर्षित भएको बिएसएच होम अप्लायन्सेको भारत र सार्क राष्ट्रका लागि प्रबन्ध निर्देशक निरज बहलले बताए ।

बोशका हरेक उपकरणहरू राम्ररी डिजाइन गरिएका छ । यी उपकरणहरू उपभोक्ताको जीवनशैलीमा सुधार गर्ने उद्देश्यले प्रिमियम ढंगमा डिजाइन गरिएका कम्पनीले जनाएको छ ।

*-साभार: बाह्रखरीबाट*

# नेपथ्यले कात्तिक तेस्रो साता दुबईमा कन्सर्ट गर्ने



काठमाडौं/ चर्चित लोकरक ब्याण्ड नेपथ्यले कात्तिक तेस्रो साता यूएईको दुबईमा कन्सर्ट गर्ने भएको छ । आगामी नोभेम्बर ६ अर्थात् कात्तिक २० गते दुबईको अल नासेर लिजरल्याण्डमा सांगीतिक प्रस्तुति दिन लागेको हो ।

सन् २०१९ मा पछिल्लो कार्यक्रम गरेको नेपथ्यको कोरोना महामारीपछि यो पहिलो दुबई कन्सर्ट हो । ब्याण्डले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘चाडबाडको बेला आफन्तबाट हजारौं किलोमिटर पर रहेका नेपाली दाजुभाइलाई दशैं, तिहार र छठको समेत संगीतमय कोसेली बोकेर हामी आउँदैछौं ।’

‘आइस स्केटिङ लगायत सांगीतिक कार्यक्रम स्थलको रुपमा चिनिने उही स्थलमा प्रस्तुत हुने गरी यसपटक हामी फेरि पूरै जोश र जाँगरका साथ दुबई आउँदैछौं,’ ब्याण्डका मुख्य गायक अमृत गुरुङले भने, ‘श्रोता दर्शकलाई नचाउने र गाउन लगाउने रमाइला गीतहरु यसपटक प्राथमिकतामा परेका छन् ।’

कार्यक्रमको व्यवस्थापन अमृत इभेन्टले गर्ने जनाइएको छ ।

# कांग्रेसबाट प्रधानमन्त्रीको उमेदवार को ?



काठमाडौं/ नेपाली कांग्रेसले निर्वाचनको परिणामपछि मात्र प्रधानमन्त्रीको उमेदवार टुंगो लगाउने भएको छ ।

एमालेले आगामी प्रधानमन्त्रीका रूपमा अध्यक्ष केपी शर्मा ओलीलाई अघि सारेको छ । कांग्रेसमा भने रामचन्द्र पौडेल, शेखर कोइराला, शशांक कोइराला, गगन थापासहितका नेताहरूले आगामी निर्वाचनपछि प्रधानमन्त्री बन्ने आकांक्षा देखाइरहेका छन् । कांग्रेसले प्रधानमन्त्रीको उमेदवारका रूपमा कसैलाई अघि सारेको छैन ।

सोमबार कांग्रेसले गरेको पत्रकार सम्मेलन प्रवक्ता डा. प्रकाशशरण महतलाई सञ्चारकर्मीले कांग्रेसबाट आगामी प्रधानमन्त्रीबारे प्रश्न गरेका थिए ।

जवाफमा महतले प्रधानमन्त्रीको टुंगो निर्वाचनपछि गठन हुने संसदीय दलपछि लाग्ने बताए । अहिले कांग्रेसमा बोल्न छुट भएकाले नेताहरूले आफूलाई नेताहरूले आगामी प्रधानमन्त्रीको उमेदवारका रूपमा प्रस्तुत गरिरहेको उनको भनाइ छ ।

“हाम्रो पार्टीमा बोल्ने अधिकार छ । त्यही भएर बोलेको हो । पहिला निर्वाचन जाऔँ । जितेर संसद् पुगौँ र संसदीय दलको नेता बने भइहाल्यो । त्यसपछि प्रधानमन्त्री खोज्ने हो । अहिले समय आएको छैन । अहिले ९१ सिटमा सबै जित्ने र गठबन्धन जिताउन लागौँ । त्यसपछि प्रधानमन्त्रीतिर लागौँला,” उनले भने ।

उनले आगामी चुनावपछि कांग्रेसकै नेतृत्वमा सरकार बन्ने पनि बताए । “पार्टी सभापति संसदीय दलको नेता हुनुहुन्छ । उहाँको नेतृत्वमा चुनाव लडौँ । कांग्रेसकै नेतृत्वमा सरकार बन्छ,” महतले भने ।

अर्थात् महतले पार्टी सभापति शेरबहादुर देउवा नै आगामी प्रधानमन्त्रीको उमेदवार बन्नेतर्फ संकेत गरे । हुन पनि कांग्रेसमा अहिलेको अवस्थामा देउवाले नचाहेसम्म दोस्रो व्यक्ति प्रधानमन्त्री बन्न नसक्ने देखिन्छ । *-साभार: बाह्रखरी*

# फुटबलमा राष्ट्रिय खेलाडीले भरिएको बागमती समूह चरणबाटै बाहिरियो



पोखरा/ राष्ट्रिय खेलाडीले भरिपूर्ण बागमती प्रदेश नवौं राष्ट्रिय खेलकुद अन्तर्गत पुरुष फुटबलको समूह चरणबाट नै बाहिरिएको छ ।

नेपाल एपिएफ क्लबसँग समूह ‘बी’ को अन्तिम खेलमा पराजित भएपछि बागमती सेमिफाइनलमा प्रवेश गर्न सकेन । गोस्टेघाट फुटबल मैदानमा एपिएफले ३-१ को जित दर्ता गर्दै अन्तिम चारमा स्थान पक्का गर्यो । एपिएफको जितमा नवीन लामाले २ तथा प्रदीप लामाले १ गोल गरे ।

बागमतीले सुरुवाती अग्रता लिएपनि त्यसलाई जोगाउन नसक्दा समूह चरणबाट घर फर्कनु पर्यो । पहिलो हाफको इन्ज्युरी समयमा अभिषेक रिजालले गोल गर्दै बागमतीलाई अग्रता दिलाए । दोस्रो हाफमा एपिएफले ३ गोल फर्काउँदै जित हासिल गर्यो । प्रदीप लामाले गोल गर्दै एपीएफलाई खेलमा फर्काए । त्यसपछि नवीन लामाले गोल गर्दै एपीएफलाई अग्रता दिलाए । इन्ज्युरी समयमा गोल थप्दै जित सुनिश्चित गरे । पुरुष फुटबलमा अब सेमिफाइनल समिकरण पूरा भएको छ । समूह बी को विजेता एपिएफले समूह डी को विजेता सुदूरपश्चिमसँग खेल्नेछ । त्यस्तै अर्को सेमिफाइनलमा समूह ए को विजेता गण्डकी र समूह सी को विजेता त्रिभुवन आर्मी क्लबले खेल्नेछ । *-साभार: हाम्रो खेलकुद*

# अन्तर विद्यालय लोकनृत्य प्रतियोगिता हुने




चितवन/ ‘मौलिक लोक संस्कृतिको पहिचान, नवप्रतिभाको प्रोत्साहन, स्रष्टालाई सम्मान’ भन्ने मूल नाराका साथ लक्की मिडियाले ‘लक्की अन्तर विद्यालय लोकनृत्य प्रतियोगिता’ कार्यक्रम आयोजना गर्न लागेको हो ।

प्रतियोगितामा चितवनसहित अन्य जिल्लाका विद्यालयबाट सहभागिता गराउने लक्ष्य राखिएको लक्की मिडिया हाउस चितवनका महाप्रबन्धक हरि कार्की लक्कीले जानकारी दिए । उनका अनुसार प्रतियोगितामा ५० भन्दा बढी विद्यालयको सहभागिता गराइने छ ।

२५ र २६ कात्तिकमा दुई दिन हुने कार्यक्रममा राष्ट्रियस्तरका ख्यातिप्राप्त कलाकारहरूको उपस्थिति रहने कार्कीले बताए । प्रतियोगिताका लागि आवश्यक तयारी सुरु भएको बताउँदै उनले सहभागी हुन चाहने विद्यालयले लक्की मिडिया हाउसमा सम्पर्क गर्न आग्रह गरे ।

लोक, मौलिक, कला संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि आयोजना गरिएको नृत्य प्रतियोगितामा प्रस्तुत हुने नृत्य र गीत नेपाली लोक, मौलिक संस्कृति झल्किने खालको हुनुपर्ने छ ।

-साभार: खबरहब

# कीर्तिमानी बुवाको पाइला पछ्याउँदै स्क्वासमा अमृतको “ह्याट्रिक” जित



पोखरा/ नेपाली खेलकुद जगतमा एक दुर्लभ उदाहरण हुन्, स्क्वासका हिराबहादुर थापा । जसले आफ्नो खेल जीवनमा कहिल्यै दोस्रो हुनु परेन, लगातार १७ पटक राष्ट्रिय च्याम्पियन बने ।

लगातार लामो समय अविजित रहँदै थापाले २०७३ मा खेल जीवनबाट सन्यास लिए । तर, स्क्वासबाट टाढा भागेनन्, हाल उनी राष्ट्रिय टिमका प्रशिक्षक छन् ।

तिनै थापाको पदचाप पछ्याउँदै उनका छोरा अमृत थापामगर अगाडि बढिरहेछन् ।

अमृतले नवौं राष्ट्रिय खेलकुदअन्तर्गत पोखरा रंगशालामा सोमबार भएको पुरुष एकल स्क्वास प्रतियोगितामा स्वर्ण पदक हात पारे । राष्ट्रिय खेलकुदमा योसँगै उनी तेस्रो पटक च्याम्पियन बनेका छन् । यसअघि उनले सातौं र आठौंमा पनि स्वर्ण पदक पहिरिएका थिए ।

गोखरामा जन्मिएका अमृत ललितपुरमा बस्छन् । थापाको घरबाट नजिकै रहेको स्क्वास कोर्ट नै उनको बाल्यकालको खेलमैदान भयो । राष्ट्रिय च्याम्पियन बाबुको पछिपछि लागेर स्क्वास कोर्ट धाउँदाधाउँदै उनी लगातार तेस्रो पटक राष्ट्रिय च्याम्पियन बन्ने भए ।

‘हुन त म पाँचौं राष्ट्रियदेखि नै खेल्न थालेको हुँ । तर, त्यतिबेला म सानो पनि थिएँ, एक्स्पेरियन्स पनि थिएन । त्यस्तो ठूलो अचिभमेन्ट भएन,’ तेस्रो पटक स्वर्ण जितेको खुसी साट्दै उनले भने ‘छैठौंमा एसएलसीसीको होस्टेलमा भएर खेल्न पाइनँ, त्यसपछि कन्टिन्यू थ्री टाइम्स गोल्ड मेडलिस्ट बनें ।’

लगातार राष्ट्रिय च्याम्पियन बनिरहेका अमृतका बुवाले सन्यास लिएकै वर्ष भएको सातौं राष्ट्रिय खेलकुदमा नै उनले पहिलो पटक स्वर्ण पदक हात पारेका थिए । ‘बुवा १७ पटकसम्म लगातार नेशनल च्याम्पियन बन्नुभो, बुवापछि मैले नै लिएको हुँ,’ उनले सुनाए ।

अमृत सन् २०१५-१६ मा २-३ वटा प्रतियोगितामा त बुवासँगै पनि सँगै भिडेका थिए । ती सबै प्रतियोगिता पनि उनकै पोल्टा पऱ्यो । अमृतले हराउन थालेपछि नै हिराबहादुरले सक्रिय खेल जीवनबाट सन्यास लिएका हुन् भन्ने पनि छन् । तर थापा भन्छन्, ‘यसलाई खोसेको भन्ने कि के भन्ने ? तर, उहाँपछि म नै च्याम्पियन भइराखेको छु ।’

थापाले सोमबार फाइनलमा पराजित गरेका बागमती प्रदेशका अरहन्तकेशर सिम्ह उनका नयाँ प्रतिद्वन्द्वी भने थिएनन् । उनीहरु सातौं राष्ट्रिय खेलको फाइनलमा आमनेसामने भइसकेको थिए । संयोगले दुवै खेल अमृतले नै जिते ।

‘उसले (अरहन्त) अरु टुर्नामेन्ट जितिराखेको थियो । युकेमा खेलिराखेको भएर उसको गेम्स एक्स्पेरिन्स धेरै छ । हामी होमग्राउन्डमा खेलेको भएर म्याच एक्स्पेरिन्स पनि कम भएको हो,’ अमृत भन्छन्, ‘ऊ मेन्टल्ली बलियो भए पनि म फिजिकल्ली बलियो थिएँ ।’

अमृतले साउथ एसियन गेम्स, एसियन गेम्स खेलिसकेका छन् । तर, राज्यबाट जुनसुकै खेल पनि बेवास्तामा परेको अमृतको गुनासो छ । ‘सरकारकातर्फबाट खासै सहयोग छैन । सबै खेलमा उस्तै समस्या होला,’ भन्छन्, ‘मेनमेन, टुर्नामेन्ट हुँदा सर्टेन टाइमका लागि हुन्छ । तर, अरुबेला कसैको पनि केही थाहा हुँदैन ।’

उमेरले २६ औं वसन्तमा हिँडिराखेका अमृत अझै १० वर्ष स्क्वासमै रमाउन चाहन्छन् । ‘अझै १० वर्षजति खेल्छु ।

त्यतिबेलासम्म इन्टरनेशन लेभलसम्म नै पुग्ने लक्ष्य छ ।’ बुवामात्रै नभएर अमृतको परिवारमा उनको दिदी पनि स्क्वासकै खेलाडी हुन् । दिदी कृष्णा थापा पनि नवौं राष्ट्रिय खेल्न मैदानमै छिन् ।

कहिलेकाहीं कीर्तिमानी बुवाको राष्ट्रिय कीर्तिमान तोड्छु भन्ने लाग्छ कि लाग्दैन ? जवाफमा अमृत भन्छन्, ‘मनमा त हुन्छ । गर्न सकिन्छ सकिँदैन थाहा छैन । तर, सोच त्यही छ ।’

# तीन प्रदेशमा समानुपातिकतर्फको मतपत्र ढुवानी सम्पन्न

काठमाडौं/ आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि तीन वटा प्रदेशमा समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र ढुवानी सम्पन्न भएको छ । निर्वाचन आयोगका अनुसार सोमबार दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर, भक्तपुर र काठमाडौं जिल्लामा मतपत्र ढुवानी भएको छ ।

प्रदेश १, मधेस र बागमती प्रदेशका सबै जिल्लाका सबै निर्वाचन क्षेत्रमा मतपत्र ढुवानी सम्पन्न भइसकेको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई करोड २२ लाख २५ हजार मतपत्र ढुवानी भएको आयोगले जनाएको छ । प्रदेश सभातर्फ एक करोड १४ लाख ९९ हजार तथा प्रतिनिधिसभाका लागि एक करोड सात लाख २६ हजार मतपत्र रहेका छन् ।

ओखलढुंगा, सोलुखुम्बु, खोटाङ, भोजपुर, संखुवासभा, धनकुटा, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सिराहा, सप्तरी, धनुषा, महोत्तरी, नुवाकोट, रसुवा, धादिङ, चितवन, मकवानपुर, बारा, पर्सा, रौतहट, सर्लाही र सिन्धुली जिल्लामा यसअघि नै समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र ढुवानी भइसकेको आयोगले जनाएको छ ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि समानुपातिकतर्फ महिला उम्मेदवारको संख्या ५५ प्रतिशत बढिरहेको देखिएको छ । प्रतिनिसभातर्फ समानुपातिक उम्मेदवारको कूल संख्या दुई हजार चार सय दुई छ । यसमा महिला उम्मेदवारको संख्या एक हजार तीन सय १३ छ, भने पुरुष उम्मेदवारको संख्या एक हजार ८९ छ । निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्यांकअनुसार प्रदेशसभातर्फ महिला समानुपातिक उम्मेदवारको संख्या दुई हजार चार सय २६ छ ।

प्रदेशसभाको समानुपातिक तर्फ पुरुष उम्मेदवारको संख्या एक हजार छ सय २९ छ । प्रदेशसभाको समानुपातिकतर्फ कूल चार हजार ५५ जनाको उम्मेदवारी कायम भएको छ । प्रदेश १ मा चार सय छ महिला र दुई सय ५५ पुरुष, मधेसमा पाँच सय ७० महिला र तीन सय ७७ पुरुष, बागमतीमा चार सय ७१ महिला र तीन सय ५४ पुरुष, गण्डकीमा दुई सय २१ महिला र एक सय ४५ पुरुष, लुम्बिनीमा चार सय तीन महिला र दुई सय ५४ पुरुष, कर्णालीमा एक सय ३१ महिला र ९१ पुरुष तथा सुदूरपश्चिम प्रदेशमा दुई सय २४ महिला र एक सय ५३ पुरुष उम्मेदवार रहेका आयोगले जनाएको छ । -साभार: खबरहब

# शहरी क्षेत्रको जनसंख्या वृद्धि

काठमाडौं/ नेपालको शहरी क्षेत्रको जनसंख्या ६६.०८ प्रतिशत पुगेको छ । जनगणना २०७८ को प्रारम्भिक तथ्यांक अनुसार शहरी क्षेत्रमा बसोवास गर्नेको जनसंख्या २०६८ को जनगणनाको परिणामभन्दा बढेको शहरी विकास मन्त्रालयका सहसचिव रामचन्द्र दंगालले जानकारी दिए । २०६८ सालमा शहरी क्षेत्रको जनसंख्या ६३.१९ प्रतिशत थियो । त्यसबेला ग्रामीण भेगको जनसंख्या ३६.८१ प्रतिशत थियो ।

संयुक्त राष्ट्र सैंीय मानव बसोवास कार्यक्रम (यूएन ह्याविट्याट) ले यसै महिना प्रकाशित गरेको विश्व शहरी प्रतिवेदन २०२२ मा उल्लेख भए अनुसार शहरीकरणको प्रक्रिया विकसित राष्ट्रमा धेरै देखिएको छ । ती देशमा कुल जनसंख्याको ७९ प्रतिशत मानिस शहरी क्षेत्रमा बस्दछन् ।

यो दरले निरन्तरता पाए विकसित देशमा सन् २०५० सम्म शहरी क्षेत्रको जनसंख्या ८७ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ । सन् २०२० देखि २०२५ सम्म विकसित देशको जनसंख्या वृद्धिदर ०.४६ प्रतिशत रहने अनुमान पनि प्रतिवेदनमा गरिएको छ ।

सन् २०३० देखि २०३५ भित्र विकसित देशमा शहरी क्षेत्रको जनसंख्या ०.४० प्रतिशत पुग्ने पनि जनाइएको छ ।

अक्टोबर महिनाको पहिलो सोमबार मनाइने विश्व बसोवास दिवसका अवसरमा कार्यक्रमले यस्तो प्रतिवेदन सार्वजनिक गर्ने गरेको हो । संयुक्त राष्ट्र संघीय मानव बसोवास कार्यक्रम (यूएन ह्याविट्याट) को आह्वानमा सबैका लागि उपयुक्त आवास सुनिश्चित गर्दै दिगो शहरी विकास प्रवर्द्धन गर्ने मूल उद्देश्यले विश्वव्यापी रुपमा यो दिवस मनाउन थालिएको हो । राष्ट्र संघले सन् १९८६ देखि अक्टोबर महिनाको पहिलो सोमबार यो दिवस मनाउन थालेको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# जनहित साकोसको ऋण लगानी एक करोड ६९ लाख

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असोज/ गाउँका किसानलाई कृषि उत्पादन तथा पशुपालनमा ऋण लगानी गर्दै आइरहेको जनहित स्वावलम्बन बचत तथा ऋण सहकारी संस्थाको १७ औं वार्षिक साधारणसभा भएको छ ।

मकवानपुरगढी गाउँपालिका वडा नम्बर ५ खैरेनीस्थित जनहित साकोसले स्थानीय किसानलाई विभिन्न कृषि तथा पशुपालन र व्यवसाय क्षेत्रमा एक करोड ६९ लाख ९ हजार २ सय ५७ रुपैयाँ कर्जा लगानी गरेको अध्यक्ष श्रीराम अर्जुनले बताए ।

सहकारीमा १३ लाख ३२ हजार ५ सय शेयर पुँजी रहेको छ । सहकारीमा जगेडा कोष भने १२ लाख ६९ हजार ४ सय ८१ रुपैयाँ रहेको संस्थाका अध्यक्ष श्रीराम अर्जुनले जानकारी दिए । सहकारीको बचत निक्षेप एक करोड ३७ लाख ४१ हजार ६ सय ७१ रुपैयाँ रहेको छ ।



संस्थाका अध्यक्ष दाहालको सभाध्यक्षता तथा वडा नम्बर ५ का वडा अध्यक्ष दिपेश दाहालको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो । सहकारीले ज्येष्ठ शेयर सदस्यतर्फ पिताम्बर हुमागाई र सेतीमाया घ्यावा, असल ऋणीतर्फ लिलानाथ घिमिरे र संगीता सुनाम, उत्कृष्ट बचततर्फ नारायणप्रसाद घिमिरे र कान्छीमाया थिङ, उत्कृष्ट शेयर कर्तातर्फ बुद्धिकुमारी लो र बलराम छत्कुलीलाई पुरस्कृत गरिएको थियो ।

साधारणसभामा समूहतर्फ अन्नपूर्ण आयआर्जन समूह प्रथम, जनज्योती आयआर्जन समूह द्वितीय, गुरासँ आयआर्जन समूह तृतीय र नवसृजना आयआर्जन समूह सान्त्वना भई पुरस्कृत गरिएको थियो ।

सभामा जिल्ला बचत तथा ऋण सहकारी संघका संस्थापक अध्यक्ष सुलोचना स्याङ्तान, वडा नम्बर ५ का निवर्तमान वडा अध्यक्ष जितबहादुर घिमिरेको विशेष आतिथ्यता थियो ।

कार्यपालिका सदस्य नन्दकुमारी विक, महिला कल्याण साकोसका सदस्य दिलकुमारी थिङ, स्वारोजगार साना किसान कृषि सहकारीका अध्यक्ष धनकुमारी खड्का, संस्थाका संस्थापक अध्यक्ष गुणनिधि ढकाल, पुर्व अध्यक्ष थलनाथ घिमिरे, तीलगंगा बहुउद्देश्यीय सहकारीका अध्यक्ष रादिका छत्कुली, लेखा संयोजक चण्डिका पौडेल, सल्लाहकार यज्ञप्रसाद तिमल्सिना लगायतको आतिथ्यता रहेको थियो ।

सहकारीको सभामा संस्थाका अध्यक्ष श्रीराम अर्जुनले वार्षिक प्रगति र भावी वार्षिक नीति तथा कार्य योजनाहरु प्रस्तुत गरेका थिए । सभामा रिक्त रहेको पदहरुमा पदपूर्ति समेत गरिएको थियो । सभाबाट सचिवमा राजन घिमिरे, लेखा समिति सदस्यमा सीता अधिकारी र ऋण उपसमितिको सदस्यमा संगीता सुनाम चयन गरिएको छ ।


## नेपाल पत्रकार महासंघ मकवानपुरको साधारणसभा सम्बन्धी सूचना

नेपाल पत्रकार महासंघ मकवानपुरको १७ औं वार्षिक साधारणसभा यही कात्तिक १९ गते सञ्चालन हुन गइरहेको हुँदा केन्द्रीय सदस्यज्यूहरू, प्रदेश पदाधिकारी तथा सदस्यज्यूहरु, पूर्व अध्यक्षज्यूहरु, केन्द्रीय तथा प्रदेश परिषद् सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, विभागीय जिम्मेवारीमा रहनुभएका सदस्यज्यूहरु एवम् महासंघ मकवानपुरमा आबद्ध सम्पूर्ण साधारण सदस्यज्यूहरुलाई साधारणसभामा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**

मिति: २०७९ कात्तिक १९ गते शनिबार

समय: बिहान ८: ०० बजे

स्थान: पल्पसा हल हेटौंडा-२

अध्यक्ष मणिराज गौतम एवम्,

नेपाल पत्रकार महासंघ मकवानपुर परिवार



# VACANCY

**Sancho Hospital Pvt. Ltd.** a well reputed hospital in hetauda is looking for candidates for the following posts:

| | |
|---|---|
| Medical officer (few) | B Pharm (1) |
| Staff Nurse (few) | CMA / ANM (few) |
| Pharmacy Assistant (few) | |

Candidates should have the following requirements:

- Attractive Personality
- Result oriented and Hardworking
- Can work on high pressure environment
- Sound skill on IT, Fluent in English & Nepali written and Spoken
- Having Sound Knowledge in related field with minimum one year experience
- Must have the registered liscense in their related fields.


Preference will be given to those candidates having experience in Medical Field...

Interested candidates are required to send their applications by an updated profile/CV indicating respective vacancies to hospital.sancho@gmail.com within three working days.

Hetauda-1, BhintunaPath, Makwanpur
057-590175, 057-590176

Sancho Hospital Pvt. Ltd.


## मकवानपुरमा समानुपातिक तर्फको मतपत्र आइपुग्यो



साझाकुरा संवाददाता

हेटौंडा, ३१ असोज/ मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको लागि मकवानपुरमा समानुपातिक तर्फको मतपत्र आइपुगेको छ ।

मकवानपुरमा आएको मतपत्रमा पहिलो नम्वरमा नेकपा एमालेको चुनाव चिन्ह सूर्य रहेको छ भने दोश्रोमा नेपाली कांग्रेसको रुख, तेश्रोमा नेकपा माओवादी केन्द्रको हसिया हथौडा चिन्ह रहेका छन् । चौथोमा जसपाको छाता तथा पाँचौ नम्बरमा राप्रपाको हलो चिन्ह रहेको छ । अन्तिममा भने कछुवा चिन्ह रहेको छ ।

आइतबार मतपत्र आएको मकवानपुरका मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले जनाकारी दिए ।

अधिकृत निरौलाका अनुसार मकवानपुरमा मतदाताभन्दा १० प्रतिशत बढी मतपत्र आएको छ । बढी भएको मतपत्र चुनाव पछि निर्वाचन आयोगमा नै पठाइने उनले बताए ।

# बैंकको ब्याजदर नबढ्ने



बढेको ब्याजदर अनुसार हाल बैंकिङ ब्याजदर अधिकतम १३.१३ प्रतिशतसम्म पुगेको छ

काठमाडौं, ३१ असोज/ कात्तिक महिनाका लागि बैंकको ब्याजदर नबढ्ने भएको छ । वाणिज्य बैंकहरुको छाता संगठन नेपाल बैंकर्स संघले आगामी कात्तिक महिनाका लागि ब्याजदर नबढाउने निर्णय गरेको हो । अघिल्लो महिना अर्थात् भदौ मसान्तमा संघले ब्याजदर निर्धारणको अधिकार बैंकहरुलाई नै छाडिदिने निर्णय गरेको थियो । जसअनुसार बैंकहरुले असोज महिनाका लागि आफुखुशी निक्षेपको ब्याजदर १० प्रतिशतले बढाएका थिए ।

बढेको ब्याजदर अनुसार हाल बैंकिङ ब्याजदर अधिकतम १३.१३ प्रतिशतसम्म पुगेको छ । यद्यपि, केही बैंकहरुले भने १५ प्रतिशतसम्म पुर्याएको र कर्जाको ब्याजदर १८ प्रतिशत माथि पुगेको भन्दै यता उद्योग व्यवसायीहरुले विरोध जनाइरहेका छन् ।

उसो त बैंकहरुले ब्याजदर बढाएपछि आक्रोशित भएका व्यवसायीहरुले सरकारको ध्यानाकर्षण गरेपछि अर्थमन्त्री जनार्दन शर्माले ११ सदस्यीय ब्याजदर अध्ययन समिति गठन गरेका थिए ।

तर, उक्त समितिले ब्याजदर वृद्धि जायज भएको भन्दै बजार महँगी (मुद्रास्फीति) लाई नियन्त्रणमा राख्न पनि ब्याजदर वृद्धि गर्नु उचित भएको रिपोर्ट बुझाएको थियो । अन्ततः ब्याजदर घटाउन सरकारले कसरत गरेपनि नघट्ने भएको छ ।

संघको पछिल्लो निर्णयले कात्तिक महिनाका लागि पनि बैंकिङ ब्याजदर १२.०३ प्रतिशत कायम हुने भएको छ । -साभार: रातोपाटी

# सहिद स्मारकमा ३३ करोड लगानीमा होटल खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असोज/ एउटै ढुंगामा सहिदहरुको प्रतिमा कुँदिएको हेटौंडा-११, स्थित सहिद स्मारक नजिकै सुविधासम्पन्न होटल सञ्चालनमा आएको छ ।



३३ करोड लगानीमा चार जना युवाहरुले होटल स्मारक सञ्चालनमा ल्याएका हुन् । सञ्चालक बालकृष्ण बजगाईले हेटौंडामा सुविधासम्पन्न होटलको अभाव हटाउने दाबी गरे । प्रदेशको राजधानी भएपछि हेटौंडामा बास बस्न होटल नपाउने समस्या हट्ने उनको भनाइ छ ।

हेटौंडा बजारको भिडभाड भन्दा पनि शान्त वातावरण नै यो होटेलको विषेशता रहेको छ । १२ कठ्ठा ११ धुर क्षेत्रफलमा फैलिएको होटेलको निर्माण लागत ३३ करोड रहेको उनले जानकारी दिए । होटलमा ३५ सय रुपैयाँ देखि १८ हजार रुपैयाँसम्मका कोठा उपलब्ध रहेको उनले बताए । ३ सय जना क्षमताको बेन्क्युट हल, १ सय ५० जना क्षमताको कन्फ्रेन्स हलसहितको सुबिधा पनि उपलब्ध रहेको बजगाईले जानकारी दिए । हप्ताको ७ दिन नै संचालन हुने गरी स्विमिङ पुल र पर्याप्त पार्किङको पनि सुबिधा रहेको होटलले जनाएको छ ।

होटेलहरुको भिडमा फरकपन दिने उद्देश्यले बाहिरबाट आधुनिक डिजाईनमा तयार गरिएको छ । होटलमा मौलिकता झल्कने गरि काठका डिजाइनहरुलाई समावेश गरिएको छ । कतिपय होटेलहरु सुत्नको लागि मात्र प्रयोग हुने खाना खानको लागि अन्यत्र जानुपर्ने अवस्थाको अन्त्य गर्दै रेस्टुरेन्टको सुविधा प्रदान गर्दै सुपथ मुल्यमा खानाका परिकारहरु उपलब्ध गराउन पनि होटेल सदैव तत्पर रहेको छ ।

होटलमा बजगाईसँगै बसन्त नेपाल, रोशन बर्तौला, गोपाल श्रेष्ठलगायतका सञ्चालक छन् ।

# बकैयामा पालिकास्तरीय भलिबल प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असोज/ पूर्वी मकवानपुरको बकैया गाउँपालिकामा पालिकास्तरीय भलिबल प्रतियोगिता हुने भएको छ ।



तिहारको अवसरमा बकैयाको खेलकुद विकास समितिको आयोजनामा पुरुष भलिबल प्रतियोगिता हुन लागेको हो । कात्तिक ३ गतेदेखि ५ गतेसम्म प्रतियोगिता सञ्चालन हुने जनाइएको छ ।

प्रतियोगितामा १२ खेलाडी, १ जना टिमकोच र १ जना म्यानेजर गरी १४ जना हुनु पर्ने आयोजकले जनाएको छ । खेलाडिहरु आफ्नो वडाको हुनु पर्ने बताइएको छ । खेल तालिका कात्तिक १ गते मंगलबार सार्वजनिक हुनेछ । प्रतियोगिताका लागि सहभागीको दर्ता शुल्क २ हजार रुपैयाँ रहेको छ । प्रतियोगितामा विजेता हुनेले ५० हजार रुपैयाँ र उपविजेताले २० हजार रुपैयाँ नगद शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।


## मलेसियामा रोजगार

कम्पनी: GREENLOOK MANAGEMENT SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०५/०२ चलानी नं.: ६०१८५७०२ Lt No.: 269879 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 0 | सा. कामगर्न दक्ष | 1500 | ४५००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

### अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादी जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231
चितवन सम्पर्क : ९८५५०६३४५४, ९८०६५९५१०२











HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



प्रोपाईटर: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२




हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना